**२०७९/०१/०५ गते बसेको कार्यालय प्रमुखको बैठकका निर्णयहरू**

निर्णय नं. १ मिति २०७८/१२/०३ गते बसेको कार्यालय प्रमुखको बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको समिक्षा गर्नुका साथै कार्यान्वयन गर्न बाँकी कार्यहरू अविलम्ब कार्यान्वयन गर्ने निर्णय भयो।

निर्णय नं. २ मिति २०७९/०१/३० गते हुने स्थानीय तह निर्वाचनलाई मध्यनजर गर्दै जिल्लास्थित कार्यालयहरू र स्थानीय तहहरूले आ-आफ्ना सवारी साधनहरू मर्मत सम्भार गर्नुपर्ने भए सम्बन्धित कार्यालयबाटै मर्मत सम्भार गर्ने व्यवस्था मिलाई निर्वाचनमा प्रयोग गर्न सकिने गरी तयारी अवस्थामा राख्ने र जिल्ला प्रशासन कार्यालयबाट माग भएका बखत तुरून्त उपलब्ध गराउने।

निर्णय नं. ३ आगलागीका घटना बढिरहेको हुनाले अगलागी न्यूनीकरणका लागि प्रत्येक स्थानीय तहले स्थानीय सञ्चार माध्यममा समेत सचेतनामूलक सन्देशहरू प्रशारण गर्ने/गराउने। साथै दमकल भएका पालिकाहरूले दमकललाई तयारी अवस्थामा राख्ने ।

निर्णय नं. ४ सबै राष्ट्रसेवक कर्मचारीले निर्वाचनमा आ-आफ्नो ठाउँबाट सहयोग गर्ने, खटाएको स्थानमा अनुशासित भई जिम्मेवारी निर्वाह गर्ने। निर्वाचन अधिकृत र सुरक्षा निकायसँग समन्वय, सहयोग र सहकार्य गर्ने।

निर्णय नं. ५ विद्युत, टेलिफोन, खानेपानी, पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यक सेवा अवरूद्ध नहुने गरी मर्मत सम्भार र सेवाको पहुँच बढाउन गर्नुपर्ने तयारी सम्बन्धित कार्यालयहरूले समयमा नै गर्ने । जिल्ला निर्वाचन कार्यालयले मतदानस्थल र निर्वाचन कार्यालयको सूची सम्बन्धित अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालयहरूलाई उपलब्ध गराउने।

निर्णय नं. ६ राष्ट्रसेवक कर्मचारीको जानकारीमा आएको चन्दा संकलन, डर धम्की, शंकास्पद गतिविधि जस्ता क्रियाकलापहरूको सूचना समयमै सुरक्षा निकायसँग Sharing गर्ने।

निर्णय नं. ७ सबै स्थानीय तह, अस्पताल, जनस्वास्थ्य, स्वास्थ्य संस्था, सामुदायिक तथा गैर सरकारी संस्था जस्ता विभिन्न संघ संस्थाबाट सञ्चालित एम्बुलेन्स, दमकलको विवरण अध्यावधिक गर्ने र चालु हालतमा राख्न पत्राचार गर्ने।

निर्णय नं. ८ मतदानका दिन मतदान स्थलमा कर्मचारी खटाउदा सम्भव भएसम्म प्रत्येक मतदान स्थलमा १ जना स्वास्थ्यकर्मी पर्नेगरी खटाउन मुख्य निर्वाचन अधिकृतलाई अनुरोध गर्ने।

निर्णय नं. ९ जिल्ला प्रशासन कार्यालय र जिल्ला निर्वाचन कार्यालय, झापाबाट माग भएको कर्मचारीको यथार्थपरक विवरण पठाउन बाँकी सबै कार्यालयले सफ्टकपी सहित अविलम्ब पठाउने।

निर्णय नं. १० सबै पालिकाहरूले सम्बन्धित मतगणना स्थलको लागि सुरक्षित स्थानको छनौट गरी उक्त स्थानमा सि.सि. क्यामेरा जडानको व्यवस्था समयमै मिलाउने।

निर्णय नं. ११ यही वैशाख ३० गते सम्पन्न हुन गईरहेको स्थानीय तहको निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र एवं भयरहित वातावरणमा सम्पन्न गर्नका लागि जिल्लास्थित सबै कार्यालयले हर-तरहले सहयोग र समन्वय गर्ने।

२०७९-१-५
प्रमुख जिल्ला अधिकारी